श्री

# सर्वोच्च अदालत

(आन्तरिक तथा जिल्ला प्रशासन शाखा)

रामशाहपथ, काठमाडौं
☎ : ४२००७२९, ४२००७२८
४२००७५०
फ्याक्स : ४२००७४९
पो.ब.नं.२०४३८
Email: info@supremecourt.gov.np
admin@supremecourt.gov.np
Web: www.supremecourt.gov.np

सर्वोच्च अदालत काठमाडौं

पत्र संख्या :
प्राप्त पत्र संख्या र मिति :
च.नं. १८४१

मिति २०७५/१०/१०

विषय : परिपत्र सम्बन्धमा।

श्री उच्च अदालत सबै ।
श्री अस्थायी इजलास सबै ।
श्री इजलास सबै ।
श्री जिल्ला अदालत सबै ।

उपर्युक्त बिषयमा मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा २८७ मा व्यवस्था भएबमोजिम अदालती कार्यविधिका सम्बन्धमा कुनै बाधा अड्चन परेमा आवश्यक निकासा दिनको लागि यस अदालतमा गठन भएको बाधा अड्काउ फुकाउने संयन्त्रमा विभिन्न अदालतहरुबाट लिखित रुपमा प्राप्त हुन आएका देहायका विषयहरुको सम्बन्धमा संघीय व्यवस्थापिकाबाट ऐन संशोधन भई आएमा वा यस अदालतबाट पछी कुनै व्याख्या भएमा वा सर्वोच्च अदालतबाट अर्को परिपत्र भएको अवस्थामा सोही बमोजिम गर्ने गरी प्रचलित कानूनको दायराभित्र रही सामान्य मार्गदर्शनको रुपमा लिई देहायबमोजिमका विषयमा देहाय बमोजिम गर्नुहुन उक्त संयन्त्रको मिति २०७५।०९।२९ को निर्णयानुसार अनुरोध गर्दछु।

१. मुलुकी फौजदारी कार्यविधी (संहिता) ऐन, २०७४ को दफा १६४ मा सरकारी विगोवापत कैद गर्नु पर्दा प्रतिदिनको रु.३००।-का दरले कट्टा हुने गरी गर्नुपर्ने र मुलुकी देवानी कार्यविधी (संहिता) ऐन, २०७४ को दफा २४४ ले जरिवाना वापत प्रतिदिन रु. २००।- का दरले कैद ठेक्नु पर्ने व्यवस्था गरेको तर मुलुकी फौजदारी कार्यविधी (संहिता) ऐन, २०७४ मा जरिवाना वापत कैद ठेक्दा प्रतिदिन कति रुपैयाका दरले कैद ठेक्ने सम्बन्धमा संहिताहरुमा स्पष्ट व्यवस्था नरहेको हुँदा सो विषयमा छलफल हुँदा मुलुकी फौजदारी कार्यविधी (संहिता) ऐन, २०७४ को दफा १६५(८) मा असुल उपर नभएको बाँकी विगो, क्षतिपूर्ति वा अन्य रकम वापत कैद गराउन निवेदन परेमा एक दिनको रु. ३००।- का दरले बाँकी हुन आएको विगो वा रकमलाई कैदमा परिणत गरी त्यस्तो विगो वा रकम भर्नुपर्ने व्यक्तिलाई कैद गर्नुपर्ने भन्ने व्यवस्था रहेको, त्यसैगरी मुलुकी फौजदारी कार्यविधी (संहिता) ऐन, २०७४ को दफा १६४(४) मा सरकारी विगोवापत कैद गर्नु पर्दा प्रतिदिनको रु. ३००।-का दरले कट्टा हुने गरी गर्नुपर्ने र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,२०७४ को दफा ४५(२) मा क्षतिपूर्ति नतिरेमा सो वापत एक

श्री

# सर्वोच्च अदालत

(आन्तरिक तथा जिल्ला प्रशासन शाखा)

रामशाहपथ, काठमाडौँ
☎ : ४२००७२९, ४२००७२८
४२००७५०
फ्याक्स : ४२००७४९
पो.व.नं.२०४३८
Email: info@supremecourt.gov.np
admin@supremecourt.gov.np
Web: www.supremecourt.gov.np

सर्वोच्च अदालत काठमाडौँ

पत्र संख्या :
प्राप्त पत्र संख्या र मिति :
च.नं.

दिनको रु.३००।- का दरले क्षतिपूर्ति रकमलाई कैदमा परिणत गरी कैद गर्नुपर्ने व्यवस्था रहेको सन्दर्भमा मुलुकी फौजदारी कार्यविधी (संहिता) ऐन, २०७४ मा जरिवाना वापत कैद गर्दा एक दिन कैद वापत कति रकम कट्टा गर्नुपर्ने भन्ने स्पष्ट उल्लेख नभएतापनि सरकारी विगो र क्षतिपूर्तिवापत कैद गर्नुपर्दा एक दिनको रु.३००।-का दरले कैद गर्नुपर्ने कानूनमा स्पष्ट व्यवस्था भएको अवस्थामा जरिवानाको हकमा समेत एकरुपता कायम गर्नका लागी जरिवाना वापत कैद गर्नुपर्दा पनि एक दिनको रु.३००।-का दरले कैद गर्ने।

२. २०७५ भाद्र १ गते भन्दा अगाडिको कानूनी व्यवस्थाबमोजिम जरिवाना वापत एक दिनको २५ रुपैयाको दरले कैद म्याद ठेकी पठाएकोमा २०७५ भाद्र १ गते पछि लागू भएको कानूनी व्यवस्थाबमोजिम कैद वापत एक दिनको रु.३००।-का दरले हुनेगरी साविकमा पठाएको कैदी पूर्जि संशोधन गर्न पर्ने नपर्ने भन्ने प्रश्नको सम्बन्धमा केही नेपाल कानूनलाई संशोधन, एकिकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ (२) (ख) र (ग) को कानूनी व्यवस्था समेतका आधारमा संहिता लागू हुनुपूर्वको अवस्थामा एक दिनको पच्चीस रुपैयाका दरले हुने गरी जरिवानावापत कैद ठेकिएकोमा त्यस्तो कैदि पुर्जि संशोधन गरी एक दिनको रु.३००।-का दरले जरिवाना वापत कैद ठेकि पठाउने।

२०७५।१०।१०

गोविन्दप्रसाद घिमिरे
शाखा अधिकृत

बोधार्थः
श्री अनुसन्धान तथा योजना महाशाखा।